# बान्नीगढी जयगढ गाउँपालिका

# गाउँसभाको दशौं अधिवेशनमा

## गाउँपालिका उपाध्यक्ष

# श्री बिन्दु रावल ज्यूले

## प्रस्तुत गर्नुभएको

# आ. व. २०८०/८१

## को

# बजेट वक्तव्य

**बान्नीगढी जयगढ गाउँपालिका**

**जयगढ, अछाम**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

२०८० साल असार १० गते आईतबार

**<u>सम्मानित गाउँसभाका अध्यक्ष महोदय,</u>**

१. बान्नीगढी जयगढ गाउँपालिकाको दशौ अधिवेशनको गरिमामय बैठकमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

२. लोकतन्त्रको स्थापना, मुलुकको समृद्ध र अग्रगमनको लागी ईतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने बलदेव शाह बाकाविर, डण्डी स्वामी, गुरु धर्मान्नद उपाध्याय, नर बहादुर स्वार लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राजनितिक आन्दोलनका क्रममा घाइते तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्याएको योगदानलाई स्मरण गर्न चाहन्छु ।

३. आगामी बजेट गाउँपालिकाको विकास समृद्धि सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । "समृद्धिको आधारः बान्नीगढी सरकार" भन्ने मूल मान्यतालाई आत्मसाथ गर्दै बेरोजगारी र गरिवी न्युनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने, कृषि र पशुपालनमा नागरिकलाई आत्मनिर्भर बनाउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, महिला बालबालिका दलित ज्येष्ठ नागरिक तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने र भाषिक सांस्कृतिक पक्षको जगेर्ना तथा शैक्षिक सुधार तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेकी छु ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, आवधिक योजना, दिगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कार्यक्रम तथा प्राथमितकताहरु, महालेखा परीक्षकको बार्षिक प्रतिवेदनबाट प्राप्त सुझावहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट

तर्जुमा दिग्दर्शन २०७८, विकासका अन्तर सबन्धित विषयहरू र नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरू, हालसम्म प्राप्त उपलब्धि तथा अनुभवका साथै विभिन्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, गैर सरकारी संस्थाका साझेदार मित्रहरु लगायत सरोकारवाला पक्षहरुको महत्वपूर्ण सुझावलाई मार्गदर्शनको रुपमा लिएकी छु ।

**सभा अध्यक्ष महोदय,**

**अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।**

१. **चालु आर्थिक वर्षमा कुल आय अनुमान ३५ करोड २० लाख ९१ हजार रहेकोमा हाल ३८ करोड ७५ लाख ७१ हजार ८ सय ७६ रुपैया १६ पैसा संसोधित आय अनुमान रहेकोमा आर्थिक वर्षको अन्त्य सम्ममा ३२ करोड ८५ लाख ८८ हजार ४ सय २० रुपैया १२ पैसा हुने संसोधित अनुमान छ ।**

२. **चालु आर्थिक वर्षमा संघीय सरकारबाट समानिकरण अनुदान मार्फत** ८ करोड ८३ लाख, राजस्व बाडफाँड मार्फत ७ करोड ३७ लाख ३ हजार प्रदेश सरकारबाट समानिकरण अनुदान ५८ लाख ५७ हजार सवारी साधन कर बाफत १४ लाख ८१ हजार र आन्तरिक आय ३० लाख गरी गरी कुल ***कुल १७ करोड २३ लाख ४१ हजार*** **प्राप्त भएको छ । आन्तरिक राजस्व परिचालन तर्फ वर्षको अन्त्य सम्म कुल आम्दानी १२ करोड ८६ लाख ८५ हजार ६ सय ३ रुपैया ४० पैसा प्राप्त हुने संसोधित अनुमान रहेको छ ।**

३. चालु आर्थिक वर्षमा संस्थागत विकासतर्फ हालसम्म गाउँपालिकालाई आवश्यक कानून निर्माण तथा संसोधन गरिएको छ । नयाँ कानून लेख्ने गाउँपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजना २०७९/८०-२०८४/८५, भू-उपयोग योजना २०७९ निर्माण गरिएको छ ।

४. गाउँपालिकामा पूर्ण रुपमा विद्युतीय भुक्तानी प्रणाली लागु गरी कार्यालयमा सेवाग्राहीको

भिडभाड न्यूनिकरण अन्तर बैक भुक्तानीमा सहजताका साथै सेवाग्राहीलाई बैकिङ् सेवामा आवद्ध गर्न सहज भएको छ ।

५. न्यायीक समितिका काम कर्तव्य र अधिकारका क्षेत्रका बारेमा न्यायीक प्रक्रियाको विषयमा आम नागरिकलाई सुसुचित तथा सचेतिकरण गर्न कानुनी सचेतना तथा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ ।

६. स्थानीय कला संस्कृति धार्मिक विषयवस्तु स्थानीय भेषभुषा समेटेर स्थानीय पाठ्यक्रमको लेखनको सुरुवात भएको छ । प्रत्येक विद्यालयमा कुहिने र नकुहिने अपग्रेडिङ खाल्डो निर्माण कार्य सम्मन्न भएको छ । विद्यालयको सघन अनुगमन गरी नक्साङ्कनका आधारमा ४ वटा विद्यालय कक्षा समायोजन, ३ वटा विद्यालय डाउनसाईज, ८ वटा बालबविकास केन्द्र विद्यालयमा समायोजन, ३० जना शिक्षक तथा कर्मचारीलाई विद्यार्थी संख्या र भौगोलिक दुरीका आधारमा दरबन्दी मिलान गरिएको छ ।

७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माण गरी २ वटा विद्यालयमा ICT ल्याब, १ विद्यालयमा विज्ञान प्रयोगशाला, १ विद्यालयमा पुस्तकालय संचालन गरिएका छन्।

८. समुदाय स्तरमै बालबालिकाको पोषणको स्थिती लेखाजोखा स्वास्थय चौकि स्तरमै USG सेवा उपलब्धतता खोप अभियान सञ्चालन र पूर्णता सुत्केरी घरभेट कार्यक्रम स्वास्थ्य संस्थामा शत प्रतिशत महिला सुत्केरी तथा गर्भवती महिलालाई गाउँपालिका उपाध्यक्ष पोषण कार्यक्रम सञ्चालन गरिएको छ ।

९. १५ जना युवा उद्यमीलाई चप्पल बनाउने तालिम १५ जना युवा उद्यमीलाई हाते बुनाई होजीयारी तालिम तथा १० जना युवा उद्यमीलाई दुना टपरी बनाउने तालिम प्रदान गरी प्रविधि हस्तान्तरण कार्य भएको छ ।

१०. अपाङ्गता शिविर संचालन, ५४ जना जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण, ५४ जना आमाबुवा गुमाएका टुहुरा तथा अपाङ्ग बालबालिकालाई पोशाक तथा शैक्षिक सामग्री वितरण, ३४ जना एच आई भि सङ्क्रमितलाई पौष्टिक आहार तथा खाद्यान्न वितरण गरिएको छ । लैगिक विभेद तथा कानूनी सचेतना कार्यक्रम, लागु पदार्थ दुर्वयसनी सम्बन्धि अभिमुखीकरण लगायत जातीय सामाजिक कुरीति तथा अन्धविश्वास न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिएको छ ।

११. रोजगार सेवा केन्द्र मार्फत १२२ जनाले १०० दिनको रोजगारी प्राप्त गरेका छन । सुचिकृत बेरोजगार श्रमिकहरुबाट ३० वटा निर्माणका आयोजना तथा मर्मत सम्भारका कार्यहरु भएका छन ।

१२. तरकारी खेतिमा कृषकलाई आत्मनिर्भर बनाउन ७५ प्रतिशत अनुदानमा सिजन अनुसार तरकारीबालीका बिउविजन वितरण गरिएको छ । सामान्य बालिको उत्पादनमा वृद्धिका लागि धान र गहुँको उन्नत बिउबिजन वितरण गरिएको छ । कृषकहरुको क्षमता विकासका लागी व्यवसायिक कृषक तालिम कार्यक्रम सञ्चालन गरिएको छ ।

१३. दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमले किसानहरु आकर्षिक भएको छन हिउँदे जै घासको बिउँ वितरण गरिएको छ । कृतिम गर्भाधान मिसन कार्यक्रमका लागी आवश्यक उपकरणको खरिद गरिएको छ । ६ वटै वडाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा पकेट कार्यक्रम सञ्चालनमा छ ।

१४. गाउँपालिकाको मुल प्रशासकीय भवन निर्माण वडा नं. ३ जयगढ बजारमा निर्माणाका लागी जग्गा व्यवस्थापनको चरणमा छ । १ नं.वडा कार्यालय भवन निर्माणको ठेक्का सम्झौता भई निर्माण सुरु हुने क्रममा छ । जयगढ बजारमा रहेको फोहोरमैला विसर्जनका लागी डम्पिङ्ग साईडको निर्माण गरिएको छ । कोटघर गाज्रा सडकको स्तरोन्नतीको कार्य भएको छ । तिमिल्सैन स्वास्थ्य चौकिको नयाँ २ कोठे भवन निर्माण भएको छ ।

१५. बान्नीगढी जयगढ गाउँपालिकाको वडा नं ५ कालिका भालुमारेमा १५ शैय्या अस्पतालको निर्माण कार्य भईरहेको छ । वडा नं २ दर्ना वडा न ४ तिमिल्सैन र वडा नं ६ दर्नामा बृहत खानेपानी आयोजना सम्पन्न हुने चरणमा छन ।

१६. जयगढ बजारमा रहेको खानेपानी समस्यालाई समाधान गर्न छातासैन खालगडा जयगढ बृहत खानेपानी आयोजना निर्माण कार्य व्यवस्थित रुपमा सुरुवात भएको छ ।

१७. धार्मिक तथा सास्कृतिक महत्व बोकेको जयगढ बीच बजारमा सरस्वती मन्दिर निर्माण र मैदान व्यवस्थापन को कार्य सुरु भएको छ । जयगढ बीच बजारमा पक्की सडक निर्माण भई आवतजावतमा सहजता भएको छ ।

**<u>सभा अध्यक्ष महोदय</u>**

अब म बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. गाउँपालिकाको आन्तरिक आयमा संकुचन आएको हुदाँ स्रोत व्यवस्थापनमा चाप पर्न गएको छ ।

२. राजश्व बाडफाँड बाफतको रकम निर्धारित सीमा भन्दा कम प्राप्त हुदाँ प्रशासनिक खर्च व्यवस्थापन गर्नु ।

३. जटिल भु-धरातल, कमजोर पुँजी तथा प्रविधिमैत्री तर अनुत्पादक जीवनशैली, गरिबी तथा पछ्यौटेपन जस्ता समस्या रहनु ।

**<u>सभा अध्यक्ष महोदय</u>**

अब म आर्थिक वर्ष २०८०/८१ बजेटका उद्देश्य निम्न बमोजिम रहेको अवगत गराउन चाहन्छु ।

१. कृषि र पशुपालन र उत्पादनमूलक क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व अभिबृद्धिमा जोड दिने ।

२. स्थानीय श्रम, सीप र उद्यमशिलताको विकास गरी रोजगारीको सृजना गरी गरिबी न्यूनीकरण गर्ने ।

३. सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, गुणस्तरीय, प्रविधिमैत्री, सेवाग्राहीमैत्री र पारदर्शी बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्ने ।

४. गाउँपालिकाबासीलाई स्वच्छ, पिउन योग्य तथा पर्याप्त खानेपानीको प्रत्याभूति गर्ने ।

५. गुणस्तरीय सामाजिक विकास, सामाजिक सुरक्षा र सामाजिक न्यायको प्रत्याभूति गर्ने ।

**सभा अध्यक्ष महोदय,**

अब म यहाँहरू समक्ष आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आयतर्फः**

१. आर्थिक वर्ष २०८०/०८१ को लागि हामीले विभिन्न स्रोतहरूबाट जम्मा रू. ३८ करोड ५९ लाख २ हजार ९ सय मात्र प्राप्त गरेका छौं । त्यस मध्ये संघीय सरकारबाट हस्तान्तरित सर्शत अनुदान रु.१८ करोड ६७ लाख, वित्तिय समानिकरण अनुदान ७ करोड ८१ लाख र राजश्व बाँडफाँडबाट ७ करोड २२ लाख १८ हजार ९ सय, संघीय समपुरक अनुदान ७० लाख तथा संघीय विशेष अनुदान रु.१ करोड प्राप्त गरेका छौ ।

२. सुदूरपश्चिम प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फ ५१ लाख ५० हजार वित्तिय समानिकरण अनुदान रु. ६१ लाख ५८ हजार, राजश्व बाँडफाँडबाट रु. १५ लाख ७६ हजार, प्राप्त गरेका छौ ।

३. त्यसैगरी आन्तरिक स्रोतबाट प्राप्त हुने अनुमानित आम्दानी रु. ४० लाख, संचित कोषमा रहने अनुमानित मौज्दात रु. १ करोड ५० लाख गरी जम्मा रू. ३८

करोड ७५ लाख २९ हजार लाई मैले तोकिएका सशर्त अनुदान अन्तर्गतका शिर्षकहरु, गाउँपालिका स्तरिय कार्यक्रमहरू, सबै वडाहरू र विषयगत क्षेत्रहरूका साथै लक्षित वर्गमा समानुपातिक र समावेशिताको सिद्धान्त अनुसार बाँडफाँड गरेकि छु ।

<u>व्ययतर्फः</u>

१. कुल विनियोजित बजेट मध्ये कार्यालय संचालन र व्यवस्थापन तथा सेवा प्रवाहलाई सहज र गुणस्तरीय बनाउन प्रशासनिक खर्च तर्फ रू. ***७ करोड ७७ लाख १४ हजार १ सय*** विनियोजन गरेकी छु ।

२. गाउँपालिकामा कार्यरत स्थायी तथा करार कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप मासिक ***रू. १ हजार ५ सय*** उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छु।

३. गाउँपालिकामा सञ्चालित सबै बालविकास केन्द्रहरुमा कार्यरत बालविकास सहजकर्ताहरु र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुलाई संघीय सरकारको वार्षिक बजेटमा उल्लेख भएबमोजिम मासिक ***रु. ७ हजार*** थप गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

४. गाउँपालिका स्तरीय गौरवका आयोजनाहरु मध्ये प्रशासकीय भवन निर्माणका निम्ति ***रू. १ करोड ८० लाख*** विनियोजन गरेको छु ।

५. संघीय सरकार तथा प्रदेश सरकार सँग साझेदारी गरी निर्माण गरिने आयोजनामा समपुरक कोष तर्फ ***रू. १ करोड*** विनियोजन गरेको छु । जयगढ बजारमा रहेको अस्तव्यस्त खानेपानीलाई मिटर प्रविधिसहित नियमित सुचारु गर्न छातासैन जयगढ बृहत खानेपानी आयोजनाका लागी ***रू.४२ लाख*** विनियोजन गरेको छु ।

६. गाउँपालिका स्तरमा सञ्चालन गरिने बृहत खालका आयोजना संघ तथा प्रदेश सरकारसंग समन्वय गरी माग गर्नका लागी सम्भाव्यता अध्ययन तथा तथा परामर्श सेवा तर्फ ***रू.२० लाख*** विनियोजन गरेको छु ।

७.जयगढ बीच बजारमा निर्माणाधिन रहेको सरस्वती मन्दिर निर्माणका लागी ***रू. २५ लाख*** विनियोजन गरेको छु ।

८. दुर्गम क्षेत्रमा रहेर गुणस्तरीय तथा निशुल्क सेवा प्रदान गर्दै आईरहेको बयलपाटा अस्पतालका लागी सहयोग स्वरुप ***रू. १५ लाख*** विनियोजन गरेको छु ।

९. गाउँपालिका अन्तर्गतको १ नं. वडा कार्यालय, गाँज्राको नयाँ वडा कार्यालय भवन निर्माणका लागी ***रू. ४८ लाख*** विनियोजन गरेको छु ।

१०. गाउँपालिकामा नयाँ उद्यमी सृजना, स्तरोन्नति र तालिमको व्यवस्था उद्यम विकास तर्फ गर्न ***रू.५ लाख*** विनियोजन गरेको छु ।

११. धुवाँमुक्त र उज्यालो गाउँपालिका घोषणा गर्न बैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम अन्तर्गत ***रू. ५ लाख*** विनियोजन गरेको छु ।

१२. अध्यक्ष युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै ***रू. ३० लाख*** विनियोजन गरेको छु ।

१३. स्वास्थ्य चौकिमा नियमित निशुल्क सेवा तथा आकस्मिक सेवाका लागी औषधी खरिदका तर्फ ***रु २५ लाख*** तथा पशुपन्छीको निशुल्क उपचारका लागी औषधि खरिदक तर्फ ***रु १५ लाख*** विनियोजन गरेको छु ।

१४. गाउँपालिकामा हुन सक्ने विपदजन्य घटनाहरुमा राहात तथा क्षतिपूर्ति उपलब्ध गराउन तथा अन्य विपदजन्य कार्यको व्यवस्थापन तर्फ ***रु २५ लाख*** विनियोजन गरेको छु ।

१५. विभिन्न विषयगत क्षेत्रहरू स्वास्थ्य क्षेत्र , शिक्षा क्षेत्र, कृषि विकास, पशु सेवा , खानेपानी र सरसफाई तथा लक्षित वर्गसमेतलाई सम्बोधन गर्दै जम्मा ***रू. २ करोड ७३ लाख*** विनियोजन गरेको छु ।

१६. गाउँपालिका स्तरीय तथा वडा स्तरीय भौतिक पूर्वाधार , सामाजिक विकास , आर्थिक विकास लगायत विविध क्षेत्रको विकास तथा विभिन्न कार्यक्रमको व्यवस्थापनका लागि ***रू. १ करोड ८४ लाख ५८*** हजार बजेटको व्यवस्था गरेको छु ।

**<u>सम्मानित गाउँसभामा अध्यक्ष महोदय,</u>**

अब म यहाँहरु समक्ष सबै वडाहरु तथा विषयगत शाखामा विनियोजन गरेको बजेटलाई विस्तृत रुपमा जानकारी गराउन चाहन्छु।

**<u>शाखागत वजेटः</u>**

| **क्र.स.** | **विषयगत शाखा** | **रकम** |
|---|---|---|
| १. | स्वास्थ्य | २५ लाख |
| २. | शिक्षा | १ करोड ५५ लाख |
| ३. | कृषि | ४० लाख |
| ४. | पशु | २० लाख |
| ५. | खानेपानी तथा सरसफाई | १० लाख |
| ६. | महिला तथा बालबालिका (लक्षित वर्ग) | २३ लाख |
| | जम्मा | २ करोड ७३ लाख |

**<u>सभा अध्यक्ष महोदय</u>**

१. यस बजेटले स्थानीय स्तरमा कृषि र पशुपालनमा आत्मानिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकास र सामाजिक न्याय सहितको समृद्ध गाउँपालिका निर्माणका लागि आधार तय गर्ने आशा गरेकी छु ।

२. अन्त्यमा,यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी, बुद्धजिवीहरू, पत्रकारबन्धु, महिला दलित अधिकारकर्मी, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरु लगायत सरोकारवाला सम्पूर्णमा विशेष धन्यवाद दिन चाहन्छु । "***समृद्धिको आधारः बान्नीगढी सरकार***" भन्ने यस गाउँपालिकाको नारालाई सार्थक बनाउन सवै गाउँपालिकाबासीको रचनात्मक सहयोगको अपेक्षा गरेकि छु ।

**धन्यवाद ।**